OhioHealth
Rehabilitation Hospital
In partnership with Select Medical

# चिकित्सकीय आवश्यकताहरूका लागि वित्तीय सहयोग नीति

OhioHealth को लक्ष्य भनेको हामीले सेवा गर्ने मानिसहरूको स्वास्थ्यलाई सुधार्नु हो । हामी द हस्पिटल फाइनान्सियल एसिस्टेन्स प्रोग्राम (FAP) प्रदान गर्न पाउँदा खुशी छौं जसले आकस्मिक वा चिकित्सकीय रूपमा आवश्यक सेवाहरूका लागि योग्य बिरामीहरूलाई नि:शुल्क वा छुट सहितका सेवाहरू उपलब्ध गराउँछ । वित्तीय सहयोग खोज्ने बिरामीहरूले अनिवार्य रूपमा कार्यक्रमका लागि आवेदन दिनुपर्छ ।

## योग्यता

कार्यक्रमका लागि योग्य हुन बिरामीहरूले अनिवार्य रूपमा वित्तीय सहयोग आवेदन भर्नुपर्छ र आयमा आधारित निश्चित योग्यता आवश्यकताहरू पूरा गर्नुपर्छ वा अन्यथा उल्लेख्य वित्तीय कठिनाइ देखाउन सक्नुपर्छ जसले बिरामीलाई प्राप्त गरेको स्याहारका लागि भुक्तानी गर्नबाट रोक्छ । सामान्यता, योग्य रहने बिरामीहरूको परिवारको आय सङ्घीय गरिबी निर्देशिकाको 250% मा वा सोभन्दा तल हुन्छ र उनीहरूसँग स्याहारमा लागेको खर्चका लागि सोधभर्नाको भुक्तानीका लागि अर्को स्रोत छैन । आयको स्तरको आधारमा प्राप्त गरिएको स्याहारका लागि बिरामीको जिम्मेवारीमा 100% - 60% छुटहरू हुन्छन् । कुनै पनि अवस्थामा FAP अन्तर्गत सहयोगका लागि योग्य रहेको भनेर निर्धारण गरिने बिरामीलाई बीमा भएका बिरामीहरूलाई उपलब्ध गराइएको स्याहारका लागि अस्पतालद्वारा सामान्यतया लगाइने शुल्क वा रकमहरूभन्दा बढीको बिल दिन पाइनेछैन । FAP OhioHealth रिहेबिलिटेसन हस्पिटलद्वारा शुल्क लगाइने सेवाहरू र बिरामीद्वारा अस्पतालमा प्राप्त गरिने चिकित्सकका सेवाहरूमा मात्र लागू हुन्छ ।

## आवेदन दिने

वित्तीय सहयोग नीतिका नि:शुल्क प्रतिहरू र वित्तीय सहयोगका लागि आवेदनहरू निम्न माध्यमद्वारा प्राप्त गर्न सकिन्छ:

- OhioHealth रिहेबिलिटेसन हस्पिटल केस म्यानेजरलाई सम्पर्क गरेर
- OhioHealth रिहेबिलिटेसन हस्पिटलको भर्ना कार्यालयलाई (614) 484-9700 मा फोन गरेर
- www.ohiohealth-rehab.com बाट डाउनलोड गरेर
- निम्नलाई पत्र लेखेर: OhioHealth Rehabilitation Hospital Case Management Department, 1087 Dennison Avenue, Columbus, Ohio 43201

पूरा भरिएका आवेदनहरूलाई हुलाकमार्फत निम्न ठेगानामा पठाउनुहोस् वा आफैं गएर बुझाउनुहोस्: OhioHealth Rehabilitation Hospital Case Management Department, 1087 Dennison Avenue, Columbus, Ohio 43201

वित्तीय सहयोग नीति वा आवेदन फाराम सम्बन्धी प्रश्नहरू (फाराम भर्नमा सहयोगसहित) केस म्यानेजमेन्टका निर्देशकलाई 614-484-9676 मा फोन गरेर सम्बोधन गर्न सकिनेछ ।

## अनुवादहरू

वित्तीय सहयोग नीति, नीतिको यो सारांश र आवेदन फारामका अनुवादित प्रतिहरू अरबी भाषामा उपलब्ध छन् ।
वित्तीय सहयोग नीति, नीतिको यो सारांश र आवेदन फारामका अनुवादित प्रतिहरू फ्रान्सेली भाषामा उपलब्ध छन् ।
वित्तीय सहयोग नीति, नीतिको यो सारांश र आवेदन फारामका अनुवादित प्रतिहरू जर्मन भाषामा उपलब्ध छन् ।
वित्तीय सहयोग नीति, नीतिको यो सारांश र आवेदन फारामका अनुवादित प्रतिहरू जापानी भाषामा उपलब्ध छन् ।
वित्तीय सहयोग नीति, नीतिको यो सारांश र आवेदन फारामका अनुवादित प्रतिहरू कोरियाली भाषामा उपलब्ध छन् ।
वित्तीय सहयोग नीति, नीतिको यो सारांश र आवेदन फारामका अनुवादित प्रतिहरू मन्डारिन भाषामा उपलब्ध छन् ।
वित्तीय सहयोग नीति, नीतिको यो सारांश र आवेदन फारामका अनुवादित प्रतिहरू नेपाली भाषामा उपलब्ध छन् ।
वित्तीय सहयोग नीति, नीतिको यो सारांश र आवेदन फारामका अनुवादित प्रतिहरू रुसी भाषामा उपलब्ध छन् ।
वित्तीय सहयोग नीति, नीतिको यो सारांश र आवेदन फारामका अनुवादित प्रतिहरू सोमाली भाषामा उपलब्ध छन् ।
वित्तीय सहयोग नीति, नीतिको यो सारांश र आवेदन फारामका अनुवादित प्रतिहरू स्पेनी भाषामा उपलब्ध छन् ।
वित्तीय सहयोग नीति, नीतिको यो सारांश र आवेदन फारामका अनुवादित प्रतिहरू भियतनामी भाषामा उपलब्ध छन् ।